# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

| खण्डः८ | संख्याः ५ | प्रमाणिकरण मितिः२०८२/०५/२० |
|---|---|---|


**भाग २**

## जीतपुरसिमरा उपमहानगरपालिका

## अनुदानमा सामुदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**

जीतपुरसिमरा उपमहानगरपालिका भित्रका सबै वडाहरूमा विभिन्न संघ संस्थाहरूको लागत साझेदारी एवम् सहकार्यमा विभिन्न सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण जस्तै (विपन्न समूदायको एकरुपता भएको सामूहिक तथा व्यक्तिगत आवास निर्माण, सामूदायिक भवन निर्माण, विभिन्न मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक अनुदानमा विकास निर्माणका कार्यहरू संचालन गर्न वान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ तथा केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारि गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि विभिन्न संघ संस्थाहरूको लागत साझेदारी एवम् सहकार्यमा विभिन्न सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण जस्तै (विपन्न समूदायको एकरुपता भएको सामूहिक तथा व्यक्तिगत आवास निर्माण, सामूदायिक भवन निर्माण, विभिन्न मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका आयोजनाहरूमा मात्र लागु हुनेछ ।

(३) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "कार्यविधि" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्छ ।

ख. "लक्षित समुदाय" भन्नाले यस कार्यविधिको प्रकरण ३.१ मा उल्लेखित व्यक्ति, समूह तथा समुदायलाई सम्झनुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

घ. "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

ङ. "अनुदान" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत लक्षित समुदायमा सामूदायिक आवास तथा व्यक्तिगत आवास, सामूदायिक भवन, मठ, मन्दिर, पाटीपौवा, मस्जिद लगायत अन्य धार्मिक स्थल, बाटो, नाला लगायतका भौतिक पूर्वाधार विकासका कार्य अनुदानमा संचालन गर्ने सम्झनुपर्छ ।

च. "वडा कार्यालय" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका अन्तरगत रहेका वडा कार्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्य

२. उद्देश्यः कार्यविधिको उद्देश्यहरू निम्नानुसारको हुनेछ ।

२.१ लक्षित समुदायमा सामूदायिक आवास तथा व्यक्तिगत आवास, सामूदायिक भवन, मठ, मन्दिर, पाटीपौवा, मस्जिद, गुम्बा, चर्च लगायत अन्य धार्मिक स्थल, बाटो, नाला लगायतका भौतिक पूर्वाधार विकासका कार्य जीतपुरसिमरा उपमहानगरपालिकाको अनुदानमा संचालन गर्ने,

२.२ लक्षित समुदायको आधारभूत सामाजिक तथा भौतिक पूर्वाधारमा पँहुच स्थापित गर्न सहयोग गर्ने,

२.३ लक्षित समुदायको आर्थिक अवस्था सुदृण गर्न सहयोग गर्ने,

२.४ साझेदार संस्था मार्फत गरिव समुदायलाई सबल बनाउने,

२.५ लक्षित समुदायको जीवनस्तरमा सुधार ल्याउन आर्थिक तथा सामाजिक विकासको लागि उपयुक्त वातावरणको सृजना गरी गरिबी न्यूनिकरणको लागि मद्दत गर्ने,

२.६ उल्लेखित उद्देश्यहरू पुरा गर्ने अन्य कार्यहरू गर्ने ।

जीतपुरसिमरा उपमहानगरपालिका

## परिच्छेद-३
## लक्षित समूह/समूदाय

३. निर्धारित उद्देश्य हासिल गर्नको लागि निम्नानुसारको कार्यविधि अपनाउनुपर्दछ ।

३.१ यस कार्यविधिबाट लाभान्बित हुने वर्ग लक्षित समूह

जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने कुनै अति विपन्न/गरिव/प्राकृति प्रकोपबाट पिडित व्यक्ति/परिवार, सुकुमबासी, अव्यवस्थित बसोवास गर्ने विपन्न वर्ग, कमजोर आर्थिक अवस्था भएका बञ्चित वर्ग, शहरी क्षेत्रमा विभिन्न ठाउँमा छरिएर बसेका गरिब वासिन्दाहरू, दलित समुदायहरू, भाडामा बस्ने गरिबहरू, आर्थिक अवस्था कमजोर भएका विभिन्न अनौपचारिक क्षेत्रमा कार्यरत कामदारहरू साथै आर्थिक अवस्था कमजोर भएका समुदायले सुरक्षित आवासको लागि अन्यत्र यसोबास गर्ने ईच्छा भई निवेदन दिन आउने समूह वा समुदाय पर्नेछन् ।

३.२ प्राकृतिक विपद्बाट प्रभावित भई वासस्थानको स्थायी टुंगो नलागेको समुदाय,

३.३ तुरुन्तै वैकल्पिक व्यवस्था गर्न आवश्यक नभए पनि बारम्बार बस्ती उठाउन सूचना आई रहेको छ र सो समुदायको लागि सोही ठाउँमा बसोबासको ग्यारेण्टीको लागि वकालत गरी बसोबासको सुव्यवस्था गर्न सरकारबाट जग्गा उपलब्ध गराउने निर्णय गरिएको समुदाय,

३.४ पहिले देखि बसोबास गर्दै आएको तर बस्न योग्य नभएको तुरुन्त बस्ती सार्नु पर्ने आवश्यकता (दैविक प्रकोप) भई अत्यन्त जरूरीको रूपमा निवेदन आएको समुदाय,

३.७ पहिले देखि वस्दै आएका अतिसिमान्तकृत/सिमान्तकृत समुदायलाई नगरपालिकाको तर्फबाट वसोवासको स्वीकृती दिई स्थायी वसोबास गरेका व्यक्ति तथा परिवार ।

## परिच्छेद-४
## अनुदान सम्बन्धमा

४. अनुदानमा निर्माण हुने तथा अनुदान दिन सक्ने परियोजनाः

४.१ आवास

४.२ बाटो

४.३ शौचालय

४.४ माटो/ग्राभेल

४.५ सामूदायिक भवन

४.६ धारा/चापाकल तथा चौतारा

४.७ विद्यालय तथा विद्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन

४.८ खानेपानी

४.९ मठ मंन्दिर, मस्जिद तथा पालिका क्रियाकलाप र मठ मन्दिरमा पूजापाठको लागि पुजारी तथा पुजारीको लागि तलब साथै दैनिक पुजापाठको व्यवस्थापन

४.१० दुर्गा पूजा, छठ पूजा, ईद, बकरीद, अन्य धार्मका पर्व, परापूर्वदेखि लाग्दै आएको मेला आदी मनाउन तथा व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने,

४.११ अस्पताल सरसफाई र सहयोगीको काम गर्न जनशक्ति व्यवस्थापन

४.१२ शैक्षिक भ्रमण, अवलोकन भ्रमण जस्ता कार्यहरूमा अनुदान दिने ।

४.१३ रुखमुनिको चौतरा

## परिच्छेद - ५
## साझेदार सम्बन्धमा

५. साझेदार संस्थाहरू

५.१ यस नगरपालिकामा सुचिकृत भएका संघ, संस्था, समूह, विभिन्न समिति तथा सहयोगी निकाय, सरकारी तथा गैरसरकारी संस्था आदी ।

## परिच्छेद - ६
## कार्यक्रम संचालन विधि

६. कार्यक्रम संचालन गर्दा निम्न कुरा अवलम्बन गरिने छ ।

६.१ साझेदार संस्थाले सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद विधि छनौट गरी एकिन गर्ने।

६.२ साझेदार संस्थाले सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली तथा प्रचलित कानूनको परिधिभित्र रही योजना प्रक्रिया अगाडी वढाउने प्रतिवद्धता सहित सम्झौताको लागी ड्रोइङ्ग, डिजाईन, लागत अनुमान सहित नगरपालिकामा निवेदन पेश गर्ने ।

६.३ साझेदार संस्था र नगरपालिका विच शर्तहरु उल्लेख गरी सम्झौता गर्ने ।

६.२ समुदायको योजना बनाउने क्रियाकलापदेखि लिएर कार्यान्वयनका सबै पक्षहरूको प्रत्यक्ष अवलोकन तथा अनुगमन गरी कार्य सम्पन्न गर्न सहयोग गर्ने,

६.३ सम्वन्धित योजनाको प्रयोजनार्थ समुदायमा आयोजना हुने बैठक तथा सभाहरूमा सहभागी हुने र आवश्यक सल्लाह सुझाव दिने ।

६.४ सम्वन्धित लाभग्राहीले आफ्नो समेत लागत सहभागीता गराउन इच्छुक भएमा नपुग हुने रकमको लागि सुलभ व्याजदरमा ऋण उपलव्ध गराउन सम्वन्धित निकायमा पहल गर्ने ।

६.५ नगरपालिकाबाट उपलव्ध हुने अनुदान रकम तीन किस्तामा उपलव्ध गराइनेछ (**प्रथम किस्ता:** *सम्झौता हुँदाको वखत ३० प्रतिशत,* **दोश्रो किस्ता:** *भौतिक प्रगती ५०% भएपश्चात ४० प्रतिशत* र **अन्तिम किस्ता:** *कार्यसम्पन्न भएपश्चात प्राविधिक मूल्यांकन(नापी किताव, कार्यस्वीकार प्रतिवेदन) सहित विल भरपाई साथै नगरस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन लगायतका आवश्यक कागजात एकिन गरी अनुदान रकम उपलव्ध गराइनेछ ।*

६.६ आवास निर्माण कार्यको लागि सहयोगी निकायसँग आवश्यक तथ्यांक संकलन गर्ने/गराउने तथा समुदाय भेला लगायत बैठकको आयोजना गर्ने,

६.७ निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरूको गुणस्तरीय जाँच गर्ने साथै निर्माण कार्यको अवलोकन सुपरीवेक्षण तथा निरीक्षण गर्ने,

६.८ प्राप्त भएको अनुदानको कार्य विवरण प्रतिवेदन, बिल भरपाई, निवेदन नगरपालिकामा पेश गर्ने,

६.९ साझेदारी संस्था वा नगरपालिकाबाट सोझै उपभोक्ता समिति वा लाभग्राहीको खातामा अनुदान रकम उपलव्ध गराउन सकिने ।

६.१० नगरपालिका र साझेदार संस्थाले उपभोक्ता समितिको खातामा निकासा गरेको सम्पूर्ण रकम उपभोक्ता समितिले समुदायवासीलाई स्पष्ट रूपमा जानकारी हुने किसिमले आर्थिक कारोबार राख लगाउने, र कार्य समापन भईसकेपछि पनि सोको विवरणहरू समुदायमा सामाजिक लेखाजोखा गराउने ।

## परिच्छेद-७
## खारेजी र बचाउ

७. यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

आज्ञाले,
शान्तीराज प्रसाई
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका